प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# <u>एकीकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६</u>

<u>प्रस्तावना</u>ः रेन्वो ट्राउट माछापालन क्षेत्रको विस्तार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि तथा मत्स्य ह्याचरी, दाना उत्पादन, रेन्वो ट्राउट मत्स्य विज र आहराको माग एवं आपूर्ति सहज गर्न बजेटको व्यवस्था भएको हुँदा प्रदेश नम्बर तीनको माछापालन व्यावसायलाई दिगो रुपमा अगाडी बढाउने उद्देश्यले प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक वा प्रस्तावक"** भन्नाले एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रममा सहभागि हुन ईच्छुक र मापदण्ड पूरा गरेका सहकारी संस्था/ निजी क्षेत्र सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रम सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"दाना पदार्थ"** भन्नाले ट्राउट माछालाई दाना/ आहाराको रुपमा खुवाउन प्रयोग गरिने पदार्थ सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(छ) **"मत्स्य ह्याचरी"** भन्नाले मत्स्य वीज, अण्डा तथा माछाका भुराहरु उत्पादन गर्ने मेशिन सहितको स्थान सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(झ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिम समिति सम्झनु पर्छ ।

(ञ) **"साझेदार संस्था"** भन्नाले छनौट भई निर्देशनालयसँग द्विपक्षिय सम्झौता गरेको सहकारी/ निजि क्षेत्र सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u>ः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) रेन्वो ट्राउट माछापालन क्षेत्रको विस्तार गर्ने,

(ख) माछाको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(ग) रेन्वो ट्राउट माछापालन व्यवसायलाई प्रतिस्पर्धात्मक र दिगो बनाउने,

(घ) माछामा आधारित कृषकको रोजगारी एवं आयआर्जनमा टेवा पुऱ्याउने,

मा. दावा दोर्जे लामा
मन्त्री

(ङ) मत्स्य दाना उत्पादनबाट रेन्वो ट्राउट मत्स्य आहराको माग आपूर्ति गर्ने,

(च) मत्स्य ह्याचरीबाट रेन्वो ट्राउट मत्स्य वीजको माग पुरा गरी आपूर्ति सहज गर्ने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | सयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा. निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः** (१) यो कार्यक्रम नुवाकोट, दोलखा, रामेछाप, मकवानपुर, रसुवा, सिन्धुपाल्चोक, ललितपुर र काभ्रेपलाञ्चोक जिल्लाहरूमा सञ्चालन गरिनेछ । प्रत्येक जिल्लामा २/२ वटाका दरले प्रस्ताव छनौट गरिनेछ ।

(२) आगामी आ.व.हरुमा आवश्यकता र औचित्यताको आधारमा यो कार्यक्रम अन्य जिल्लाहरुमा थप गर्दै लगिनेछ ।

७. **प्रस्ताव आह्वानः** यस कार्यक्रममा सहभागी हुन ईच्छुक सहकारी/ निजि क्षेत्रहरुबाट प्रस्ताव पेश गर्न निर्देशनालयले ३० दिनको समय अवधी दिई राष्ट्रिय दैनिक पत्रिकामा अनुसूचि -१ बमोजिम सूचना प्रकाशन गर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. **प्रस्ताव दर्ताः** यस कार्यक्रममा सहभागी हुन ईच्छुक सहकारी/ निजि क्षेत्रले दफा ७ बमोजिमको समय अवधीभित्र अनुसूचि -२ बमोजिम आवेदन-पत्र साथ अनुसूचि -३ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना र अनुसूचि -४ बमोजिम प्रतिवद्धता-पत्र तयार गरी निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

९. **आवेदकको छनौटः** छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले स्थलगत प्रमाणीकरण प्रतिवेदन र अनुसूचि -५ बमोजिमको मापदण्डका आधारमा सहकारी/ नीजि क्षेत्रको छनौट गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ,

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिनभित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ,

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. **प्रस्तावकलाई जानकारीः** निर्देशनालयले छनौट भएको आवेदक संस्थालाई निर्णय भएको मितिले ७ दिनभित्र जानकारी दिनु पर्नेछ ।

११. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका आवेदक संस्थाले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूचि -६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. **अनुदान प्रवाहः** साझेदार संस्थालाई तपशिल बमोजिमको क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराइनेछः-

| क्र. सं. | क्रियाकलाप | अनुदान रकम | साझेदार संस्थाको दायित्व (कुल लगानिको) | कैफियत |
|---|---|---|---|---|
| १. | कम्तीमा १ रोपनीमा रेशवे निर्माण एवं कुलो सहित पानी व्यवस्थापन र रिजर्ब ट्याङ्क | बढिमा रु १५लाख | कम्तिमा ५०% | सो भन्दा बढी क्षेत्रफल भएमा सोही अनुसार रकम उपलब्ध गराईने छ । |
| २. | ट्राउट ह्याचरी निर्माण एवं विस्तार र आवश्यक सामाग्री तथा औजार उपकरण व्यवस्थापन | बढिमा रु १०लाख | कम्तिमा ५०% | |
| ३. | ट्राउट माछाको लागि पेलेट दाना उद्योग स्थापना र स्टोरेज अफिस, गार्ड रुम सहित | बढिमा रु २५लाख | कम्तिमा ५०% | |

१३. सम्झौतामा उल्लेख भएको आधारमा मत्स्य प्राविधिकको अनुगमन तथा निरीक्षणबाट प्राप्त अनुसूचि -७(क) र अनुसूचि -७(ख) बमोजिमको क्रमशः विस्तृत नाप जांच विवरण र कार्यसम्पन्न प्रतिवेदनको आधार साथै साझेदार संस्थाले भूक्तानी पाउन पेश गरेको विल/

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

भर्पाई कूल लागतको बढिमा ५० प्रतिशतसम्म अनुदान रकम (बढिमा ५० लाख) निर्देशनालय/ कार्यालयले उपलब्ध गराउनेछ ।

१४. निर्देशनालय/ कार्यालयले भूक्तानी दिने अनुदान रकमको १ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी साझेदार संस्थाको बैंक खातामा रकम उपलब्ध गराउनेछ ।

१५. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

१६. रेन्वो ट्राउट विकास कार्य सम्पन्न नगरेमा, अनुदान दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल/ उपर गरिनेछ ।

## परिच्छेद -५
## मापदण्ड

१७. <u>साझेदार संस्थाले पालना गर्नुपर्ने विषयहरुः</u> (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदार संस्थालाई प्राथमिकता दिईनेछ,

(ख) सो नभए लगानिकर्ताले जग्गाधनी प्रमाण पुर्जा वा भाडामा लिएको भए कम्तीमा १० वर्षसम्म भाडामा लिएको आधिकारिक करार-पत्र लिएको हुनु पर्नेछ,

(ग) यो कार्यक्रममा सहभागी हुने सहकारी/ निजी क्षेत्रले रेन्वो ट्राउट फार्मको बिमा गरेको हुनु पर्नेछ वा ६ महिनाभित्र बिमा गर्ने प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

## परिच्छेद -६
## विविध

१८. <u>प्रगति प्रतिवेदनः</u> (१) एकिकृत रेन्वो ट्राउट विकास कार्यक्रमको अनुदान प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालय पठाउनु पर्नेछ ।

१९. <u>संशोधन र खारेजः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२०. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -१

(दफा ७ सँग सम्वन्धित)

प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः ... ... ... ...**

आर्थिक वर्ष २० .../ ... को बार्षिक स्वीकृत कार्यक्रममा एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रमको माध्यमबाट मत्स्यपालनको लागि ट्राउट माछापालनको विकास, ट्राउट ह्यचरी निर्माण तथा दानाको उचित व्यवस्थापन कार्यक्रम रहेको हुँदा इच्छुक सहकारी/ नीजि क्षेत्रहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र तपशिलमा उल्लेखित कागजातहरू संलग्न गरी निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा अनुसूचि -२ बमोजिम आवेदन-पत्र, अनुसूचि -३ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना र अनुसूचि -४ बमोजिम प्रतिवद्धता-पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

१. रु. १० को टिकट टाँसेको अनुसुची-२ अनुसारको आवेदन,
२. सहकारी संस्थाको हकमा आवेदन-पत्र साथ सञ्चालक समितिको बैठकले कार्यक्रम माग गर्न गरेको निर्णय प्रतिलिपी,
३. जग्गाधनी प्रमाण पुर्जा वा भाडामा लिएको भए कम्तीमा १० वर्षसम्म भाडामा लिएको आधिकारीक करार पत्र,
४. अनुसूचि-३ बमोजिमको संक्षिप्त व्यावसायीक कार्ययोजना (प्रस्ताव),
५. अनुसूचि-४ अनुसारको घटिमा ५ वर्षसम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता-पत्र,
६. प्रस्तावक संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता,
७. सहकारी/ नीजि क्षेत्र सम्बन्धित निकायमा दर्ता प्रमाणपत्र,
८. स्थायि लेखा नम्बर दर्ता प्रमाणित प्रतिलिपि,
९. कर चुक्ता प्रमाण,
१०. साझेदार संस्थाको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स) वा बैङ्कको लेटर अफ इन्टेन्ट ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**अनुसूचि -२**

**(दफा ८ सँग सम्वन्धित)**

**आवेदन-पत्र**

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।
मार्फत, श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, ... ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति ... ... ... ... मा प्रकाशित सूचना अनुसार एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रम अन्तर्गत ट्राउट माछापालनको विकास, ट्राउट ह्यचरी निर्माण तथा दानाको उचित व्यवस्थापन गर्ने ईच्छा भएकोले निम्नानुसार कागजात राखी नियमानुसारको अनुदान सहयोग उपलब्ध गराई पाउन निवेदन गर्दछु । मेरो आवेदन तथा प्रस्ताव स्वीकृत भएमा सम्बन्धित जिल्लाभित्र रही संलग्न प्रस्ताव तथा प्रतिवद्धता अनुरुपको कार्य गर्नेछु ।

तपशिलः

१. सञ्चालक समितिको बैठकले कार्यक्रम माग गर्न गरेको निर्णय प्रतिलिपी,
२. जग्गाधनी प्रमाण पुर्जा वा कम्तीमा १० वर्षसम्म भाडामा लिएको करार पत्र,
३. अनुसूचि -३ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना (प्रस्ताव),
४. अनुसूचि -४ अनुसार घटिमा ५ वर्षसम्म व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता-पत्र,
५. संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता,
६. सहकारी/ नीजि क्षेत्र सम्बन्धित निकायमा दर्ता प्रमाणपत्र,
७. सहकारी/ नीजि क्षेत्रको स्थायि लेखा नम्बर प्रतिलिपि,
८. कर चुक्ता प्रमाण,
९. वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स) वा बैङ्कको लेटर अफ इन्टेन्ट ।

निवेदन पेश गर्नेको:

दस्तखत र मितिः
नाम, थरः
पदः
समूह/ सहकारीको नाम र ठेगानाः
संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

६

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -३

(दफा ८ सँग सम्वन्धित)

**संक्षिप्त व्यावसायीक कार्ययोजना (प्रस्ताव)**

| | |
|---|---|
| १. कृषक समूह/ सहकारी/निजी व्यवसायीको नामः | |
| २. ठेगाना | ३. लिङ्गः |
| ४. परियोजनाको क्षेत्रफलः | ५. परियोजना स्थलः |
| ६. शैक्षिक योग्यताः | |
| ७. मत्स्य व्यवसाय सम्बन्धी तालिम लिएको भए: | |
| क.तालिमको वर्षः | ख.अवधि ........................देखि ................ सम्म |
| ग.प्रदान गर्ने संस्थाः | |

८. पोखरी निर्माणको विवरणः

| पोखरी निर्माण हुने स्थान | संख्या | क्षेत्रफल (हे.) | अनुमानित लागत (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

९. अन्य सामग्री/औजार माग

| विवरण | संख्या | लागत | सेवाग्रहिले व्यहोर्ने (%) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१०. संलग्न हुने जनशक्तिको विवरण

| विवरण | संख्या | योग्यता | खर्च हुने रकम |
|---|---|---|---|
| सुरक्षा | | | |
| फार्म व्यवस्थापन | | | |
| प्राविधिक | | | |
| पूर्ण रोजगारी हुन सक्ने संख्या | | | |
| साझेदार संस्थाका सदस्यहरुको योग्यता<br>क) स्नातक उतिर्ण गरेको<br>ख) प्रमाणपत्र तह उतिर्ण गरेको | | | |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
मत्स्य, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

११. उत्पादन अनुमानः

| विवरण | इकाई | परिमाण | बिक्री दर (रु) | अनुमानित आय (रु.) |
|---|---|---|---|---|
| खानेमाछा | | | | |
| भुरा माछा | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

१२. वातावरणिय प्रभावः

| विवरण | सूचि गर्ने |
|---|---|
| प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आँकलन गर्ने | (क)<br>(ख) |
| वातावरणमा नकरात्मक असर पर्ने भए न्युनिकरणका उपायहरु सामेल गर्ने | (क)<br>(ख) |

१३. १० वर्षे योजना/ वित्तिय विश्लेषण, नक्सा, रेखाङ्कन आदि समेत पेश गर्न सकिनेछ ।

१४. अनुदान रकम उपलब्ध गराईने क्षेत्रः

| क्र.सं. | क्रियाकलाप | अनुदान रकम | साझेदार संस्थाको दायित्व (कुल लगानिको) | कैफियत |
|---|---|---|---|---|
| १. | रेशवे निर्माण एवं कुलो सहित पानी व्यवस्थापन र रिजर्ब टयाङ्क | बढिमा रु १५लाख | कम्तीमा ५० % | |
| २. | ट्राउट ह्याचरी निर्माण एवं विस्तार र आवश्यक सामाग्री तथा औजार उपकरण व्यवस्थापन | बढिमा रु १०लाख | कम्तीमा ५० % | |
| ३. | ट्राउट माछाको लागि पेलेट दाना उद्योग स्थापना र स्टोरेज अफिस, गार्ड रुम सहित | बढिमा रु २५लाख | कम्तीमा ५० % | |

१५. नयाँ सोच केहि भए उल्लेख गर्नुहोस् :

..................................................................................................................
..........

१६. उल्लेखित बुदाँहरूलाई समेट्ने गरी प्रस्ताव नयाँ ढाँचामा (थप/घट) तयार गरी पेश गर्न सक्ने छन् ।

प्रस्तावकको नाम थर :
ठेगाना :
दस्तखत :
मिति :
संस्थाको छाप :

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -४

(दफा ८ सँग सम्बन्धित)

**प्रतिवद्धता-पत्र**

निर्देशनालयको मिति २०७.../..../.... को सूचना अनुसार एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रममा सहभागी भई व्यवसायिक मत्स्य पालन गर्न ईच्छा भएकोले सो कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन गरेको छु/ छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटिमा ५ वर्षसम्म निरन्तरता दिनेछु/ छौ र परियोजनाको विमा समेत गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु/ छौ । प्रतिवद्धता अनुरुपको कार्य नगरेमा प्रचलित ऐन कानून बमोजिम सहुँला/ बुझाउँला । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट अनुदान सहयोग प्राप्त नगरेको र संचालित क्रियाकलापबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिवद्धता समेत ब्यक्त गर्दछु/ छौं । सम्बत् २०७.../.../... गते रोज ... शुभम् ।

नाम थरः

सहकारी/ निजी व्यवसायीको नामः

वतनः

दस्तखतः

मितिः

समूह/ सहकारीको छापः

| दायाँ | वायाँ |
|---|---|
| | |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -५

(दफा ९ को खण्ड (क) सँग सम्वन्धित)

**परियोजना/ प्रस्ताव मूल्याङ्कनका आधारहरु**

| सि.नं. | आधारहरु | अङ्क | प्रप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गा (पूर्णाङ्क २०) | | | कागजात पेश गर्नु पर्ने |
| १.१ | साझेदारी संस्थाको नाममा | २० | | |
| १.२ | साझेदारी संस्थाका प्रोप्राईटर/सेयर होल्डरको नाममा | १६ | | |
| १.३ | १० वर्ष भन्दा बढि भाडामा लिएमा | १२ | | |
| २ | कार्यक्रम कार्यान्वयन गर्ने स्थानमा भौतिक पूर्वाधारको अवस्था (पूर्णाङ्क ५) | | | स्थानिय तह/ कार्यालय को सिफारिश |
| २.१ | बाटोको सुविधा भएको | २ | | |
| २.२ | विजुलीको सुविधा भएको | १ | | |
| २.३ | पानीको सुविधा भएको | २ | | |
| ३ | उक्त स्थानमा ट्राउटको सम्भावना भएको (पूर्णाङ्क १०) | | | |
| ४ | सहकारी/ कम्पनीले लगानी गर्ने (पूर्णाङ्क १०) | | | बैङ्कबाट प्राप्त आशय पत्र |
| ४.१ | ५५ प्रतिशत भन्दा माथि | १० | | |
| ४.२ | ५० देखि ५५ प्रतिशत | ८ | | |
| ५ | साझेदारी संस्थाकासदस्यहरूको योग्यता (पूर्णाङ्क ५) | | | |
| ५.१ | कम्तिमा एकजना स्नातक भएको | ५ | | |
| ५.२ | कम्तिमा एकजना प्रमाणपत्र तह भएको | ३ | | |
| ६ | रोजगारी सृजना गर्न सक्ने (प्रस्तावित) (पूर्णाङ्क १०) | | | |
| ६.१ | कम्तिमा तीनजना पूर्ण रोजगारी भएको | १० | | |
| ६.२ | कम्तिमा दुईजना पूर्ण रोजगारी भएको | ८ | | |
| ६.३ | कम्तिमा एकजना पूर्ण रोजगार | ५ | | |
| ७ | पेश गरेको प्रस्तावहरूको दिगोपना, दश वर्ष योजना/वित्तिय विश्लेषण, नक्सा, रेखाङ्कन आदि (पूर्णाङ्क २०) | | | |
| ७.१ | उच्च स्तरको | २० | | |
| ७.२ | राम्रो | १५ | | |
| ७.३ | ठिकै | १० | | |
| ७.४ | नराम्रो | ५ | | |
| ८ | प्याकेजमा काम गर्ने प्रतिवद्धता (रेशवे निर्माण,ह्याचरी र दाना उत्पादन) (पूर्णाङ्क १५) | | | |
| ८.१ | तीनवटै गर्ने | १५ | | |
| ८.२ | दुइवटा गर्ने | १० | | |
| ८.३ | एक वटा गर्ने | ५ | | |
| ९ | वातावरणिय उपयुक्त (पूर्णाङ्क ५) | | | |
| ९.१ | भएमा | ५ | | |
| ९.२ | नभएमा | ० | | |
| | जम्मा | १०० | | |

**नोटः** मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

१. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

२. स्थलगत अनुगमन टोलीको रायः

| क.सं. | पद | नामथर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुझाव सहित हुन्छ | हुदैन | |
| १ | | | | | | |
| २ | | | | | | |

<u>नोटः</u> हुन्छ/ सुझाव सहित हुन्छ/ हुदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

१.

२.

३.

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूचि -६

(दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

## सम्झौता-पत्र

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, ... ... ... (यसपछि पहिलो पक्ष भनिने) आर्थिक वर्ष ... ... .. को बार्षिक स्वीकृत कार्यक्रम अनुसार एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रमको सहकारी/ निजी क्षेत्र ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) ले कार्य सञ्चालन गर्न देहाय बमोजिमको शर्तनामाहरु पालना गर्ने गरी कार्य सम्पन्न गर्न सहमत भई द्विपक्षिय संझौता गरिएको छ ।

**शर्तनामाः**

१. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सल्लाह एवं सुझाव प्राप्त गरी प्रस्ताव अनुसारको काम सम्झौता गरिएको मितिले ... महिना भित्र सम्पन्न गर्नु पर्नेछ ।

२. दोस्रो पक्षले सम्पन्न गरेको कामको मूल्याङ्कन तोकिएका मत्स्य प्राविधिकबाट गराई कार्य सम्पन्न प्रतिवेदन तयार पारी रुजु र प्रमाणित समेत गरेर भुक्तानीको लागि पहिलो पक्षमा पठाउनु पर्नेछ ।

३. दोस्रो पक्षले कम्तीमा ५ वर्षसम्म प्रस्ताव बमोजिमको व्यावसाय निरन्तर रुपमा सञ्चालन गर्नु पर्नेछ र अनिवार्य रुपमा मत्स्य विमा गर्न अनुसूचि-४ बमोजिम प्रतिवद्धता पुरा गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले प्रस्ताव बमोजिमको कार्य गरे/ नगरेको प्रथम पक्षले अनुगमन गर्नेछ ।

५. पहिलो पक्षले प्राप्त कागजातको आधारमा दोस्रो पक्षको बैंक खातामा चेकबाट अनुदान रकम उपलब्ध गराउनेछ ।

६. यस कार्यक्रम अन्तरगत निर्माण भएका नयाँ माछा पोखरीको लागि आवश्यक पर्ने विभिन्न जात एवं साइजका माछा भूरा सम्बन्धित मत्स्य विकास केन्द्रसँग आवश्यक सहयोग एवं समन्वय गरी व्यवस्था गर्नु पर्नेछ ।

७. यस सम्झौतामा उल्लिखित कार्य गर्दा हुन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितव्यको पूर्ण जिम्मेवार दोस्रो पक्ष स्वयम हुनेछ ।

८. दोश्रो पक्षले अनुदानबाट सञ्चालित कार्यक्रमको विस्तृत विवरण झल्कने होर्डिङ्ग वोर्ड तयार गरी सवैले देख्ने स्थानमा राख्नु पर्नेछ ।

९. यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**पहिलो पक्षको तर्फबाटः**

दस्तखत र मितिः

नाम थरः

पदः

निर्देशलयको छापः

**दोस्रो पक्षको तर्फबाटः**

दस्तखत र मितिः

नाम थरः

पदः

संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

सम्पर्क फोनः

सम्पर्क फोनः

## <u>रोहबर</u>

दस्तखत र मितिः

नाम थरः

पदः

निर्देशलयको छापः

सम्पर्क फोनः

दस्तखत र मितिः

नाम थरः

पदः

संस्थाको छापः

सम्पर्क फोनः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -७(क)

(दफा १३ सँग सम्वन्धित)

## निर्माण गरिएको संरचना (उत्पादन पोखरी) को विस्तृत नाप जांच विवरण

१. कृषक/उद्यमी/फार्म/समूह/सहकारीको नामः-

२. स्थायी ठेगानाः-

३. आ.व.:-

४. परियोजनाको नामः-

५. परियोजना स्थलः-

६. परियोजना स्थलको जि.पि.एस. कोड नं.:-

७. कार्य सम्झौता मितिः-

८. परियोजना स्थलको चार किल्लाः-

९. कार्य सम्पन्न मितिः-

| सि. नं. | कार्य विवरण | संख्या | लम्बाई (मी.) | चौडाई (मी.) | गहिराई/ उचाई (मी.) | जग्गा (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

**पेश गर्ने मत्स्य प्राविधिकको**

नाम थरः-

पदः-

कार्यालयको नामः-

दस्तखतः-

मितिः-

**जांच गर्ने मत्स्य प्राविधिकको**

नाम थरः-

पदः-

कार्यालयको नामः-

दस्तखतः-

मितिः-

**स्वीकृत गर्ने अधिकारीको**

नाम थरः-

पदः-

कार्यालयको नामः-

दस्तखतः-

मितिः-

मा. दावा दोर्जे लामा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -७(ख)

(दफा १३ सँग सम्वन्धित)

## निर्माण गरिएको संरचना (उत्पादन पोखरी) को कार्य सम्पन्न प्रतिवेदन

१. कृषक/उद्यमी/फार्म/समूह/सहकारीको नामः

२. स्थायी ठेगानाः

३. आ.ब..:

४. परियोजनाको नामः

५. परियोजना स्थलः

६. परियोजना स्थलको जि.पि.एस. कोड नं. :

७. कार्य सम्झौता मितिः

८. कार्यसम्पन्न मितिः

९. लागत-इष्टिमेट रकमः

१०. कार्य-सम्झौता बील रकमः

११. घटी/बढीः

१२. पोखरी निर्माणः

| सि. नं. | कार्य विवरण | ई काई | इष्टिमेट अनुसारको | | | सम्पादित कार्यको | | | फरक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा रकम | परिमाण | दर | जम्मा रकम | परिमाण | रकम | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

१३. दाना उद्योगः प्रस्ताव अनुसार भए/नभएको अनुगमन गरि प्रतिवेदन दिने

१४. ह्याचरीः प्रस्तावमा स्वीकृत भए अनुसार भए/नभएको अनुगमन गरि प्रतिवेदन दिने

**कार्य सम्पन्न गर्नेको**

नाम थरः-

पदः-

कार्यालयको नामः-

दस्तखतः-

मितिः-

**जांच गर्ने मत्स्य प्राविधिकको**

नाम थरः-

पदः-

कार्यालयको नामः-

दस्तखतः-

**स्वीकृत गर्ने अधिकारीको**

नाम थरः-

पदः-

कार्यालयको नामः-

दस्तखतः-

मितिः-

मा. दावा दोर्जे लामा
मन्त्री